दुर्गा बहादुर गुरुङ
अध्यक्ष

# श्री भगवती सामुदायिक वन उपभोक्ता समूह,

सुनवल -५ र ९ तथा रामग्राम -२, नवलपरासी (ब.सु.प.)

## काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रि सम्बन्धि सूचना

**पहिलो पटक सूचना प्रकाशन मिति : २०८३।०४।२२**

श्री डिभिजन वन कार्यालय, नवलपरासी (ब.सु.प.) को च नं. २७६५ मिति २०८३।०३।१२ गतेको लिलाम विक्रि सहमति अनुसार श्री **भगवती** सामुदायिक वन उपभोक्ता समूह सुनवल-५ र ९ तथा रामग्राम-२, नवलपरासी (ब. सु. प.) को वनबाट आ व २०८२।०८३ मा पुनरुत्पादन कटान तथा ढलापडा रुखहरु कटानबाट उत्पादन भई **समुहको** घाटगद्दीमा लट नं. १ र २ कायम भएको निम्न परिमाणको गोलिया काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक वन पैदावार कारोबारका लागि सूचिकृत फर्म वा कम्पनिले यो सूचना **मिसन टुडे राष्ट्रिय दैनिक पत्रिकामा** प्रथम पटक प्रकाशित भएको मितिले **२१ (एक्काइस)** दिन भित्र बोलपत्र फाराम खरिद गरी **२२(बाइस) औं** दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

१) वन पैदावारको विवरण :

| वन पैदावारको विवरण | | | | | मुल्याङ्कन (रु) | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| लट नं. | जात | ग्रेड | थान | इकाइ | परिमाण ( क्यू.फि.) | न्यूनतम | संकलन खर्च | |
| १ | सिसौ | ए | १३ | क्यू.फी. | १०३.७७ | ७२६३९.० | प्रति क्यु.फि रु १४५ ।- | धांग नं ६, ८, ९ र १० |
| | | वी | १३२ | क्यू.फी. | ३५२.०४ | १७६०२०.० | | |
| | | जम्मा | १४५ | | ४५५.८१ | २४८६५९.० | | |
| | बर्रो | | १७ | क्यू.फी. | १८०.७४ | ३६१४८.० | | |
| | महुवा | | १ | क्यू.फी. | २२.६९ | २२६९.० | | |
| | कुसुम | | ३१ | क्यू.फी. | २०४.९२ | २०४९२.० | | |
| जम्मा | | | ४९ | | ४०८.३५ | ५८९०९.० | | |
| कूल जम्मा | | | १९४ | | ८६४.१६ | ३०७५६८.० | | |

| वन पैदावारको विवरण | | | | | मुल्याङ्कन (रु) | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| लट नं. | जात | ग्रेड | थान | इकाइ | परिमाण ( क्यू.फि.) | न्यूनतम | संकलन खर्च | |
| २ | साल | बि | ६ | क्यू.फी. | ३४.४ | ३०९६०.० | प्रति क्यु.फि रु १४५ ।- | धांग नं ५,७तथा धांग १ को बाँकी |
| | | सि | ९८ | क्यू.फी. | ३३१.२७ | १९८७६२.० | | |
| | | डि | १२ | क्यू.फी. | २०.७४ | ६२२२.० | | |
| | | जम्मा | ११६ | | ३८६.४१ | २३५९४४.० | | |
| | असना | ए | २ | क्यू.फी. | ४२.१९ | १६८७६.० | | |
| | | बि | १ | क्यू.फी. | १२.१९ | ३६५७.० | | |
| | | सि | ३ | क्यू.फी. | ८.४५ | ८४५.० | | |
| | | जम्मा | ६ | | ६२.८३ | २१३७८.० | | |
| | कुम्भि | | ५ | क्यू.फी. | ३०.९४ | ३०९४.० | | |
| | कसुम | | १ | क्यू.फी. | २९.१८ | २९१८.० | | |
| | जिंगड | | ४४ | क्यू.फी. | २७८.५ | २७८५०.० | | |
| | महुवा | | ४ | क्यू.फी. | २२.६७ | २२६७.० | | |
| | जम्मा | | ५४ | | ३६१.२९ | ३६१२९.० | | |
| कूल जम्मा | | | १७६ | | ८१०.५३ | २९३४५१.० | | |

२) बोलपत्र खरिद दाखिला गर्नुपर्ने अन्तिम मिति र समय :

खरिद गर्ने : क) अन्तिम मिति : २०८३।०५।११ (ख) समय : बेलुका ४ बजे सम्म

दाखिला गर्ने : क) अन्तिम मिति : २०८३।०५।१२ ख) समय : दिउसो १ बजे सम्म

३) बोलपत्र सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहको कार्यालय तथा डिभिजन वन कार्यालय, नवलपरासीबाट खरिद र दाखिला गर्न सकिनेछ ।

४) बोलपत्र साथ कबुल गरेको रकम को १० प्रतिशतले हुन आउने रकम वोलपत्र आव्हान गरेको यस सामुदायिक वनको नाममा **राष्ट्रिय बाणिज्यबैक लि., सुनवलमा रहेको खाता नं. ३४१०१०००००३३५००१** मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ ।

५) बैङ्क जमानत धरौटीको रुपमा पेश गरिएमा त्यस्तो जमानत कम्तिमा ६ महिना सम्मको लागि हुनु पर्नेछ ।

६) बोलपत्र फारम प्रति लटको रु. १०००।- (एक हजार मात्र)पछि फिर्ता नहुने गरी समूहको बैक खातामा वा नगद जम्मा गरी खरिद गर्नु पर्नेछ ।

७) लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस तोकिएको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

८) लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, सुची दर्ता र अद्यावधिक प्रमाणपत्र प्रतिलिपी र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्वर (पि.ए.एन.) दर्ता प्रमाणपत्रको प्रतिलिपि वोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

९) निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरू मिति २०८३।०५।१३ गते दिनको १:०० बजे साक्षीहरूको रोहवरमा खोलिने छ ।

१०) लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको **४५ (पैंतालिस)** दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, सङ्कलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

११) बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१२) बोलपत्रमा केरमेट भएमा, हस्ताक्षर नभएमा, छाप नभएमा, सकार रकमको अंक र अक्षर नमिलेमा, लट अनुसार परिमाण नमिलेमा बोलपत्र मान्य हुने छैन ।

१३) बोलपत्र खरिद वा दाखिला गर्ने अन्तिम दिनमा सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन बोलपत्र खरिद वा दाखिला गर्न सकिनेछ ।

१४) बोलपत्र जहाँबाट खरिद गरेको हो सोही कार्यालयमा दाखिला गर्नुपर्नेछ ।

१५) बोलपत्र सदर वा बदर गर्ने अधिकार समुहमा निहित रहनेछ ।

# श्री भगवती सामुदायिक वन उपभोक्ता समूह

सुनवल न.पा. वडा नं. ५ र ९ तथा रामग्राम-२, नवलपरासी

## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति: २०८२/०४/२२)

श्री भगवती सामुदायिक वन उपभोक्ता समूह, सुनवल न.पा. ५ र ९ तथा रामग्राम न.पा.-२, नवलपरासीको वनबाट उत्पादन भई समूहको घाटगद्दीमा लट बनाई राखिएको साल जातको विभिन्न गेडका गोलिया ११६ थानको ३८६.४१ क्युफिट काठ, सिसौ जातका १२५ थानको ४५५.८१ क्युफिट र अन्य जातका १०९ थानको गोलिया ८३२.४७ क्युफिट काठ जम्मा ३५० थान गोलिया १६७४.६९ क्युफिट काठ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी गोप्य शिलबन्दी लिलाम बढाबढ प्रक्रियाद्वारा बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरी २२ औं दिन कार्यालय समयभित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री भगवती सामुदायिक वन उपभोक्ता समूह**

सुनवल न.पा. वडा नं. ५ र ९ तथा रामग्राम-२, नवलपरासी